# गैडहवा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय,
# विष्णुपुरा, रुपन्देही

लुम्बिनी प्रदेश

## हाट बजार बैठकी कर संकलन सम्बन्धी ७ दिने शिलबन्दी दरभाउपत्र अव्हानको सूचना !!!

**दोस्रो पटक सूचना प्रकाशित मिति** : २०७९/०४/२४ गते

यस गैडहवा गाउँपालिका क्षेत्र भित्र पर्ने तपशिल बमोजिमका हाट वजार तथा साईकल स्टैण्डहरुको आर्थिक वर्ष ०७९/०८० का लागि बैठकी कर एवम शुल्क संकलन गर्नुपर्ने भएकोले गैडहवा गाउँपालिका राजश्व परामर्श समितिको मिति २०७९।०३।३० गते वसेको बैठकको निर्णय अनुसार तपसिल बमोजिमको शर्तको अधीनमा रहि ईच्छुक दरभाउपत्रदाताले दरभाउपत्र खरिद गरि देहायको मिति र समय भित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन सुचित गरिन्छ छ । अन्य थप जानकारीका लागि गाउँकार्यपालिकाको वेभसाईट www.gaidahawamun.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

शर्तहरुः

१.दरभाउपत्र फारम रु. १०००।०० (पछि फिर्ता नहुने गरी) गाउँ कार्यपालिकाको कार्यालयबाट खरिद गर्नुपर्नेछ ।

२.ठेक्का लिन चाहने ईच्छुक व्यक्ति/फर्मले कबोल अंकलाई आधार मानी धरौटी वापत कबोल अंकको ५% रकम यस कार्यालयको एन.आई.सी.एशिया बैंक गैडहवा शाखामा रहेको धरौटी खाता नं. ११०CA५००१४८१६००४ मा जम्मा गरेको सक्कल बैंक भौचर वोलपत्र साथ संलग्न हुनुपर्ने वा उल्लेखित रकम नगदै दरभाउपत्र साथ दाखिला भएको हुनु पर्नेछ ।

३.दरभाउपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्रमा प्रथम किस्ता रकम जम्मा गरी इजाजत पत्र (पट्टा) उठाई सक्नुपर्नेछ । अन्यथा धरौटी जफत गरी दोस्रो दरभाउपत्र स्वीकृत गर्न सकिनेछ ।

४.दरभाउपत्र फारममा कार्यालय प्रमुखको सही छाप नभएको मान्यता हुने छैन् ।

५.दरभाउ रकम बढीमा ३ किस्तामा बुझाउनु पर्नेछ । ठेक्काको कबोल अंकको ६० प्रतिशत रकम (धरौटी बाहेक) र अग्रिम आयकर वापतको रकम ठेक्का सम्झौताको बखत एकमुष्ट जम्मा गर्नुपर्नेछ । बाँकी ४० प्रतिशत रकम मध्ये २० प्रतिशत रकम मिति २०७९ फाल्गुन मसान्त भित्र जम्मा गरी सक्नु पर्नेछ । बाँकी २० प्रतिशत रकम मिति २०८० जेष्ठ मसान्त भित्र जम्मा गरी सक्नुपर्नेछ ।

६. दरभाउपत्र फारम मिति २०७९/०४/३० गते सम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ । ८ औ दिन दिनको १२ :०० बजे सम्ममा दर्ता गराई सक्नुपर्नेछ । सोही दिनको २ :०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा वा उपस्थित भएका अन्य व्यक्तिहरुको रोहवरमा गैडहवा गा.पा.को कार्यालयमा दरभाउपत्र खोलिनेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा भोलिपल्ट सोही समयमा दरभाउपत्र खोलिनेछ ।

७.रित नपुगी आएको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

८. हाटबजार बैठकी तथा सवारी साधन स्टेण्ड कर गाउँ कार्यपालिकाको कार्यालयको दररेट अनुसार हुनेछ ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

१०. वक्यौता रकम भएका दरभाउपत्रदाताहरुले दरभाउपत्र हाल्न पाइनेछैन् ।

११. कुनै पनि प्रकारको वहानामा घाटा भएको भनि मिनाहा दावी गर्न पाईनेछैन ।

१२. बजार व्यवस्थापनका लागि साधारण मर्मत सम्भार सम्बन्धि कार्य दरभाउपत्रदाता स्वयंले गर्नुपर्नेछ । सोको खर्च दावी गर्न पाईनेछैन्

१३. दरभाउ फारमका साथ नेपाली नागरिकको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य हुनुपर्नेछ ।

१४. आफूले कबोल गरेको ठेक्का अंक रकम प्रष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्वारा दरभाउपत्र दिनुपर्नेछ र अंकमा ओभरराईटिङ वा केरमेट भएमा अक्षरलाई मान्यता दिईनेछ ।

१५. न्यूनतम ठेक्का अंक भन्दा घटी कबोल गरी टेण्डर पेश गरेमा सो टेण्डर माथि कुनै कारवाही हुने छैन् ।

१६.ठेकेदार र यस गा.पा. बीच ठेक्का शर्तमा ठेक्का संचालन सम्बन्धि अन्य विषयमा कुनै विवाद उठेमा यस गा.पा.को गाउँ कार्यसमितिको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

१७.ठेक्का सम्झौता गर्दा ४० प्रतिशत रकम बराबरको बैंक ग्यारेण्टी इजाजत प्राप्त बाणिज्य बैंकको २०८० साल असार मसान्त सम्मको म्याद भएको (परफरमेन्स बण्ड) बैंक ग्यारेण्टी वा अचल सम्पत्ति धितो पेश गर्नुपर्नेछ ।

१८. ठेक्का बन्दोवस्तको अवधि मिति २०७९ भाद्र १ गते देखि २०८० असार मसान्त सम्मका लागि लागू हुनेछ ।

१९. सवारी साधन स्टेण्डको हकमा सवारी साधनको सम्पूर्ण रेखदेखको जिम्मेवारी दरभाउपत्रदाताको हुनेछ । हराएमा दरभाउपत्रदाता स्वयंमले क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।

२०. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

तपसिल

| | न्यूनतम कबोल रकम |
|---|---|
| ठेक्का नं ६ /गैडहवा/ राजश्व/ ०७८-०७९ (शुकबारे साप्ताहिक शान्तिबजार,र साईकल स्टैण्ड समेत ) | रु ११०००० ।- |
| ठेक्का नं ७/गैडहवा/ राजश्व/ ०७८-०७९ (बुधवारे साप्ताहिक हाट बजार र साईकल स्टैण्ड समेत गैडहवा-६, रुपन्देही ) | रु ७९१५८७।- |
| ठेक्का नं ८ /गैडहवा/ राजश्व/ ०७८-०७९ (मंगलवारे साप्ताहिक हाट बजार र साईकल स्टैण्ड समेत गैडहवा २ ) | रु ९३०४६१। – |
| ठेक्का नं ९ /गैडहवा/ राजश्व/ ०७८-०७९ (मैनहिया वजार र साईकल स्टैण्ड समेत ) | रु १८०१४०।- |
| ठेक्का नं१० /गैडहवा/राजश्व/०७८-०७९ (गौढी वजार र साईकल स्टैण्ड समेत गैडहवा-९, रुपन्देही ) | रु ७२१०।- |

नि. प्रमुख प्रशासकीय अधिकृत

२०७९।४।२४